नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भैरहवा भन्सार कार्यालय
भैरहवा, रुपन्देही
(मुद्दा शाखा)

फोन नं ०७१-४१८००३
फ्याक्स नं.०७१ –४१८०२६
Email:bhairahawa@customs.gov.np

## गोप्य सिलवन्दी बोलपत्रको माध्यमबाट मालसामानहरु लिलाम विक्री गर्ने सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशन मितिः- २०८२/०४/०६

भन्सार अधिकृत

भन्सार ऐन, २०६४ को दफा ४७(५) बमोजिम जफत भएका तपसिलमा उल्लिखित मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा निम्न शर्तहरुको अधिनमा रही गोप्य_सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्न भन्सार नियमावली, २०६४ को नियम ३५(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| बोलपत्र नं. | मालवस्तुको विवरण | मालवस्तुको न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|
| १ | सर्जिकल्स गुड्स (प्रिफेब्रीकेटड हाउस सामान) २५० अदत, विविध(प्रिफेब्रीकेटड हाउस सामान) ६३६ अदत, विविध(प्रिफेब्रीकेटड हाउस सामान) २०० अदत (जम्मा २१८४६ के.जि. | २०,२५,७३०/- | |
| २ | फर्निचर (बच्चाको टेवुल 530 अदत) 5830 पिस, Weight machine 1 pcs (5kg), बिधुतिय तार (60 के.जि.), मेशिनरी पार्ट्स कम्प्रेशर 1 अदत (100 के.जि.), सेनेटरी सामान (HIND WARE- ONE PCS 137 , WASH BASIN 160 PCS, PED OPAL 140 PCS, PAN 40 PCS) 477 अदत, हाईनेक टिसर्टहरु 620 पिस (४ अदत), नट बोल्ट 1 अदत (48 के.जि.), नट बोल्ट 1 अदत (48 के.जि.), कार्टुन पेपर, पिभिसी फिटिङ 4 अदत (72 के.जि.), स्ट्रिट लाईट पार्टस (500 के.जि.) 142 अदत, स्टिल पाइप 100 के.जी., जिन्स सुट ६५ पिस, हेण्ड टुल्स १ अदत ( 20 के.जी.), नरिवल जटा डोरी 27 वण्डलमा 2500 के.जी., साउण्ड वक्स 18 इ. 4 पिस, प्रोजेक्टर स्क्रिन 28 पीस क्यामेरा 68 पीस स्टेरीङ कभर 8 पिस स्पिकर 120 पिस लिड लाइट 6 पीस टुइटिङ स्पीकर 15 पीस ९ अदत, आल्मुनियम पत्ती 150 के.जि. | २१,४३,३५०/- | |
| ३ | FMB9653E8T01- ९३ पिस, FMB00377NJ01- ७५ पिस, FMB150K5XW01- २० पिस, FMB9653E8T01- ७ पिस, FMB00377NJ01- ४५ पिस, FMB150K5XW01- २३ पिस, FMB150K5U801- २ पिस | १५,०९,६४८/- | |

शर्तहरु:

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (मिति २०८२/०४/२० सम्म कार्यालय समयमा) प्रति बोलपत्र रु.२,०००/- दस्तुर बुझाइ (फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखाबाट बोलपत्र खरिद गर्न सकिनेछ। कार्यालयबाट खरिद गरेको र खरिद गर्ने व्यक्ति वा फर्म बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्ने छैन।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भैरहवा भन्सार कार्यालय
बेलहिया, रुपन्देही
(मुद्दा शाखा)

फोन नं ०७१-४१८००३
फ्याक्स नं.०७१ –४१८०२६
Email:bhairahawa@customs.gov.np

२. कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम राष्ट्रिय बाणिज्य बैंक, सुख्खा बन्दरगाहा शाखा भैरहवा (बेलहिया) रुपन्देहीमा रहेको क२९/३४९०१००१०२०९०००१ नम्बरको खातामा जम्मा गरी सोको सक्कल भौचर बोलपत्रसाथ संलग्न गरी पेश गर्नु पर्नेछ।

३. बोलपत्र फाराम १६ औं दिन (मिति २०८२/०४/२१) को १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। बोलपत्र दर्ता गर्दा सिलबन्दी खाम बाहिर बोलपत्र नम्बर अनिवार्य रुपमा लेखु पर्नेछ। म्याद भित्र दर्ता हुन आएको बोलपत्र सोही दिन १४:०० बजे कार्यालयका कर्मचारीहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

४. बोलपत्रमा बोलपत्रदाता फर्मको हकमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्र, मु.अ.करमा दर्ता भएको भए सो प्रमाणपत्र र गत आ.ब. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ तर बोलपत्र फाराम खरिद गर्दा उल्लिखित कागज प्रमाण पेश गरेमा पुनः पेश गर्नु पर्ने छैन।

५. बोलपत्रमा बोलपत्रदाताले फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पुरा नाम, थर लेखि फर्मको आधिकारिक सही छाप गरेको हुनु पर्नेछ।

६. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेको भए सो स्थानामा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। कुनै पनि शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन।

७. ईच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा यस कार्यालयमा आएर प्रत्येक मंगलवार र बिहीवार विहान १०:०० बजेदेखि मध्याह १३:०० बजेसम्म हेर्न बुझ्न सकिनेछ।

८. बोलपत्र स्वीकृत भएको जानकारी भन्सार विभाग र यस कार्यालयको वेवसाइड https://customs.gov.np/ र https://bhairahawa.customs.gov.np तथा यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ। बोलपत्र स्वीकृत भएको फर्मले स्वीकृत मितिबाट ७ दिनभित्र बुझाउनु पर्ने रकम र प्रचलित कानून बमोजिम लाग्ने कर तथा महशुलहरु बुझाई मालवस्तु उठाइ लैजानु पर्नेछ। सात दिनभित्र नउठाएमा धरौटी रकम जफत गरी क्रमश: अन्य बढी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।

९. कुनै मालवस्तु खरीद बिक्रीका लागि कानून बमोजिम इजाजत चाहिने मालवस्तुको हकमा सो सम्बन्धि इजाजत पत्र प्राप्त गरेका फर्म वा संस्थालाई मात्र बोलपत्रमा सहभागी गराइनेछ।

१०. लिलामबाट लगेका मालबस्तु नियमानुसार गुणस्तर परीक्षण गर्नुपर्नेको हकमा लिलाम सकारकर्ताले सम्बन्धित निकायबाट परीक्षण गराई उपभोग योग्य भएमा मात्र उक्त मालबस्तु बिक्री वितरण/उपभोग गर्नुपर्नेछ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. अन्त:शूल्क लाग्ने मालवस्तुहरुको हकमा अन्तशुल्क इजाजतपत्र प्राप्त फर्मलाई मात्र बोलपत्रमा सहभागी गराईनेछ।

१३. बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि बेला सूचना प्रकाशित गरी संशोधन, स्थगन वा रद्ध गर्न सक्नेछ।

१४. यसमा उल्लेख भएदेखि बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०८२/४/६

भन्सार अधिकृत